# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

**सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने (पहिलो संशोधन) कार्यविधि, २०६५**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय वमोजिमको कार्यविधि निर्धारण गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने (पहिलो संशोधन) कार्यविधि, २०६५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा १० मा संशोधन : "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४" ( यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :-

"१०. लिखित रुपमा बोलपत्र माग गर्नुपर्ने : सुरक्षा सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्रीहरुको खरिदको लागि सूचिकृत भएका कम्पनीहरुमध्ये दश वटा कम्पनीबाट र त्यसरी दश वटा कम्पनी सूचिकृत नभएको अवस्थामा सूचिकृत भएसम्मका कम्पनीहरुसँग सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्रीको

विवरण सहितको बोलपत्र सम्बन्धी कागजात पठाई लिखित रुपमा बोलपत्र माग गर्नु पर्नेछ ।"

३. **मूल कार्यविधिको दफा १७ मा संशोधन** : मूल कार्यविधिको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. **दुतावास मार्फत मूल्य प्रस्ताव लिई खरिद गर्ने :** यस कार्यविधिको दफा ५ वमोजिम सूचीमा परेका आपूर्तिकर्तादेखि वाहेकका अन्य आपूर्तिकर्ताबाट सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामग्री खरिद गर्नुपर्ने भएमा विदेशी कम्पनी रहेको सम्बन्धित एउटा मुलुकको दूतावास मार्फत आधिकारिक रुपमा दररेट प्राप्त गरी न्यूनतम मूल्यमा खरिद गर्नु पर्नेछ ।"

आज्ञाले,

(डा. गोविन्दप्रसाद
'कुसुम')
नेपाल सरकारको
सचिव

नेपाल सरकार

# गृह मन्त्रालयको

# सूचना

## <u>सूरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४</u>

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को अधिकार प्रयोग गरी यो एक पटकका लागि मात्र नेपाल सरकारले देहायका नियम बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :-</u> (१) यो कार्यविधिको नाम "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि (पहिलो संशोधन), २०६५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>मूल दफा १० मा संशोधन</u> : "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४" को दफा १० को सट्टा देहाय वमोजिम संशोधन गरिएको छ :-

"सुरक्षा सामरिक वा प्रतिरक्षा सम्बन्धी" सामग्रीहरुको खरिदको लागि सूचिकृत भएका कम्पनीहरुमध्ये १० वटा कम्पनीबाट र १० वटा कम्पनी सूचिकृत नभएको अवस्थामा सूचिकृत भएसम्मका कम्पनीहरुसँग विवरण सहितको बोलपत्र सम्बन्धी कागजात पठाइ लिखित रुपमा बोलपत्र माग गर्नु पर्नेछ ।

३. <u>मूल दफा १७ मा संशोधन</u> : "सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४" को दफा १७ को सट्टा देहाय वमोजिम संशोधन गरिएको छ :-

यस कार्यविधिको दफा (५) वमोजिम सूचीमा परेका आपूर्तिकर्तादेखि वाहेक खरिद गर्नुपर्ने भएमा विदेशी कम्पनी रहेको सम्बन्धित एउटा मुलुकको दूतावास मार्फत आधिकारिक रुपमा दररेट प्राप्त गरी न्यूनतम मूल्यमा खरिद गर्नु पर्नेछ ।

आज्ञाले,

(डा. गोविन्द प्रसाद
कुसुम)

नेपाल सरकारको
सचिव